**कम्पनीको ललितपुर वडा नं. 4 नख्खुस्थित खाली जग्गा भाडामा लगाउने दरभाउपत्र आह्वानको सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०82/07/20**

यस कम्पनीको स्वामित्वमा रहेको ललितपुर महानगरपालिका वडा नं.4 नख्खुस्थित गोदाम परिसरमा रहेको 9387.68 वर्ग फिट जग्गा मासिक न्यूनतम भाडा रकम रु.75,101/-(पचहत्तर हजार एक सय एक) मा न्युनतम भाडा कायम गरी निम्नलिखित शर्तका अधिनमा रही बढीमा २ (दुई) बर्षको लागि भाडामा दिनुपर्ने भएकोले इच्छुक ब्यक्ति, फर्म वा कम्पनीबाट शिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

**शर्तहरु**

1. दरभाउपत्र दाताले रु.१०००/-(एक हजार मात्र) मा (फिर्ता नहुने गरी) खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड,बागमती प्रादेशिक कार्यालय,थापाथली काठमाडौंबाट दरभाउपत्र खरिद गर्न सक्नेछ।
2. खाली जग्गा प्रयोग गर्ने प्रयोजन खुलाई मासिक भाडा दर प्रति महिना के कति दरमा लिने हो, अंक र अक्षरमा स्पष्टसंग लेखिएको हुनु पर्नेछ।
3. दरभाउपत्रदाताले सटरभाडा वापत बार्षिक रुपमा कबोल अंकको 10% ले हुने रकम धरौटी वापत कम्पनीको कुपण्डोल स्थित नेपाल बैंक लिमिटेड च.हि.नं.13500100157370000002 मा नगद जम्मा गरेको बैंक भौचर वा 'क' बर्गको वाणिज्य बैंकले कम्पनीको नाममा जारी गरेको कम्तिमा २ बर्ष म्याद भएको बैंक ग्यारेन्टी पत्र दरभाउपत्र साथ पेश गर्नुपर्नेछ ।
4. खाली जग्गा भाडामा लिने व्यक्ति, फर्म वा कम्पनीले आफूले कवोल गरेको भाडा वापतको रकम दुई पक्ष बीच सम्झौता गर्दाको बखत 3 (तीन) महिनाको भाडा वरावरको रकम कम्पनीमा धरौटी स्वरुप अग्रिम जम्मा गर्नुपर्ने छ।
5. भाडामा लिएको जग्गा कम्पनीको सहमति विना दोश्रो पक्षलाई भाडामा दिन, साथै प्रचलित ऐन नियम विपरित नेपाल सरकारले निषेधित गरेको कुनै पनि वस्तुहरु बिक्री बितरण गर्न वा भण्डारण गर्न पाइने छैन।
6. दरभाउपत्रदाता व्यक्ति भए नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, फर्म वा कम्पनी भए रजिष्ट्रर्ड प्रमाणपत्र, पान दर्ता प्रमाणपत्र र आ.व.2081/082को कर चुक्ता प्रमाणपत्रहरुको प्रतिलिपीहरु दरभाउपत्र साथ पेश गर्नुपर्नेछ ।
7. दरभाउ पत्रको सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र अर्थात् 2082/08/05 गते सम्म कार्यालय समयभित्र खरिद गर्न सकिने छ।
8. खरिद भएका दरभाउपत्रहरु सूचना प्रकाशन भएको मितिले १६ औं दिन अर्थात मिति 2082/08/06 गते दिनको 12:00 बजेसम्म शिलबन्दी दरभाउपत्रको खाम बाहिर स्पष्टसँग खाली जग्गा भाडा सम्बन्धी दरभाउपत्र" भन्ने शब्द लेखी खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, बागमती प्रादेशिक कार्यालय थापाथली काठमाडौंमा दर्ता गराउनु पर्नेछ। म्याद भित्र प्राप्त दरभाउपत्रहरु सोही दिन अपरान्ह 2:00 बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ, सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट वा कार्यालय खुलेको दिन सोही समयमा खोलिने छ। दरभाउपत्र खोल्दाको समयमा दरभाउपत्रदाता वा प्रतिनिधिको उपस्थिति नभएमा पनि दरभाउपत्र खोल्न कुनै वाधा पर्ने छैन ।
9. दरभाउपत्र स्वीकृत गर्ने÷नगर्ने सम्पूर्ण अधिकार कम्पनीमा सुरक्षित रहनेछ।
10. दरभाउपत्र सम्बन्धि थप कुरा बुझ्नु परेमा निम्न ठेगानामा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिने छ ।

**खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड,**
**बागमती प्रादेशिक कार्यालय**
**थापाथली काठमाडौं**
**सम्पर्क नं. 01-5346389**